# के तपाईंलाई थाहा थियो?

**सिड्नी वाटर सिड्नी भरिका घरहरू र व्यवसायहरूलाई पिउने पानी उपलब्ध गराउने कम्पनी हो।**





## पानी हाम्रो लागि महत्त्वपूर्ण छ किनभने अष्ट्रेलिया एउटा सुख्खा महादेश हो

हामी खडेरीको अनुभव गर्छौं। हाम्रो पानी बहुमूल्य छ, त्यसैले हामी कति प्रयोग गर्छौं भनेर सबैले ध्यान दिन आवश्यक छ।

## तपाईंले कति पानी प्रयोग गर्नुहुन्छ भनेर तपाईंको घरको मिटरले नाप्नेछ।

अधिकांश भाडेदारहरूले उनीहरूले प्रयोग गर्ने पानीको लागि प्रत्येक तीन महिनामा भुक्तानी गर्छन् - र यदि तपाईं घरधनी हुनुहुन्छ भने तपाईंले फोहोर पानीको शुल्कहरू र अन्य लागतहरू पनि तिर्नुहुनेछ।



## सिड्नी वाटरसँग गुणस्तरीय पिउने पानी छ - यो पिउन सुरक्षित छ

तपाईं सिधै धाराबाट आफ्नो कप, केतली वा गिलास भर्न सक्नुहुन्छ। पानी उमाल्नु पर्दैन। पानी फिल्टर गर्न आवश्यक छैन, र बोतलको पानी किन्नु पर्दैन।

**यदि तपाईंलाई आफ्नो पानीको बिल तिर्न मद्दत चाहिन्छ वा तपाईंलाई आफ्नो पानी सेवामा समस्या छ भने कृपया हामीलाई नि:शुल्क अनुवाद र दोभाषे सेवा मार्फत फोन गर्नुहोस्।**

13 14 50 मा फोन गर्नुहोस् र सिड्नी वाटरसँग कुरा गर्ने भन्नुहोस्।

Sydney WATER

# पानी बचत गर्नाले तपाईंको पैसा बचत हुन्छ

तपाईंको घर र बगैंचा वरिपरि पानी बचत गर्ने सजिला तरिकाहरू छन्

**तपाईंको शौचालयमा आधा फ्लश प्रयोग गर्नुहोस् र दिनको 36 लिटर सम्म बचत गर्नुहोस्।** ✓



**धारामुनि राख्नुको सट्टा फ्रिजमै राखेर आफ्नो खाना पगाल्नुहोस्।** ✓



**दाँत माझ्दा वा दाढी काट्दा धारा बन्द गर्नुहोस्।** ✓



**पानी माटोमा अवशोषित हुन दिनको लागि आफ्नो बिरुवाहरूलाई तिनीहरूको जरामा पानी हाल्नुहोस्।** ✓



**आफ्नो माटोको सुधार गर्न कम्पोस्ट प्रयोग गर्नुहोस् त्यसपछि यसले थप पानी सोस्छ।** ✓




**पानी छेप्नुको सट्टा आफ्नो बाटोमा झाडु लगाउनुहोस्।** ✓



## फोहोर पानी अवरोधहरू अव्यवस्थित र महँगा हुन सक्छन्।

**x निम्न कुराहरू शौचालय वा हात धुने ठाउँमा नराख्नुहोस्:**

- x भिजेका वाइपहरू
- x टिसूहरू
- x चुरोटका ठुटाहरू
- x कपासका सिन्काहरू
- x बोसोहरू र तेलहरू
- x स्वास्थ्यसम्बन्धी (सेनिटरी) वस्तुहरू
- x दाँतका सोताहरू
- x खानाका टुक्राहरू
- x थाङ्गनाहरू र न्यापीहरू

sydneywater.com.au